मिति: २०८२/०८/२४ (बुधबार)

बैठक संख्या: ६८ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : बिहानः ११.०० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६८ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०८/२४ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/०८/२४ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।
३. १८ औं नगरसभा अधिवेशन सम्बन्धमा ।
४. प्राविधिक/सीपमूलक तालिमका सहभागी छनौट सम्बन्धमा ।
५. ज्येष्ठ नागरिक हेरचाहकर्ता सम्मान सम्बन्धमा ।
६. आयोजना/कार्यक्रम. परिमार्जन सम्बन्धमा ।
७. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
८. प्रथम चौमासिक प्रगति समीक्षा सम्बन्धमा ।
९. प्राकृतिक श्रोत (ढुंगा गिटी, ग्राभेल) विक्री सम्बन्धमा ।
१०. फुटकर आयोजना तथा कार्यक्रम छनौट/अनुमोदन सम्बन्धमा ।
११. सिसिटिभी व्यवस्थापन सम्बन्धमा ।
१२. विविध
- सेवा कार्यालय खोल्ने सम्बन्धमा ।
- फौजदारी केशको सवारी साधन व्यवस्थापन सम्बन्धमा ।
- त्रिवेणी कपको सहयोग राशी सम्बन्धमा ।
- मर्स्याङ्दी बेंसी जलविद्युत आयोजना सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८२/०७/१५ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(३) वमोजिम यस बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिक अवधी (२०८२ साउन १ गतेदेखि २०८२ कार्तिक मसान्तसम्म) मा भएको देहाय वमोजिमको चालु, पूँजीगत तथा समग्र खर्चको प्रगति विवरण यस बैठकमा पेश भयो साथै उक्त चौमासिक खर्च प्रगतिलाई अनुमोदन गर्ने निर्णय गरियो । (विस्तृत विवरण अनुसूचीमा संलग्न)

देहायः

१. प्रस्तावित वार्षिक आय बजेटः रु. ७७ करोड ४८ लाख ९१ हजार ८४१

गुमान सिंह अर्याल
नगर प्रमुख

२. वास्तविक आय रकमः रु.२५ करोड १७ लाख ९८ हजार ५८१ (३२.४९%)
३. कुल बार्षिक व्यय बजेटः रु. रु. ७७ करोड ४८ लाख ९१ हजार ८४१
३.१ चालु तर्फ विनियोजित बजेटः रु. ५४ करोड ७१ लाख ९६ हजार ८४१
३.२ पूँजीगततर्फ विनियोजित बजेट रु. २२ करोड ७६लाख ९५ हजार
४. कुल खर्च रकमः रु. ११ करोड ५० लाख ६७ हजार ६९९ (१४.८४%)
४.१ चालु खर्च रकमः रु. ११ करोड ३६ लाख ११ हजार ३१६(२०.७६%)
४.२ पूँजीगत खर्च रकम रु. : रु. १४ लाख ५६ हजार ३८३(०.६४%)

**निर्णय नं.३ : १८ औं नगरसभा अधिवेशन सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १९ वमोजिम यस बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम तथा समग्रमा १८ औं नगरसभा अधिवेशन मिति २०८२/०९/०९ गते बुधबार दिनको १०.३० बजे नगरपालिकाको सभाहलमा आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ : सीपमूलक तालिमका सहभागी छनौट सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/८३ मा युवा सीपमूलक तालिम अन्तर्गत १५ महिने प्राविधिक तालिम (सिभिल कन्स्ट्रक्सन टेक्निसियन र इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक टेक्निसियन,तह-२) र ४५ दिने हलुका सवारी चालक तालिम सञ्चालनको लागि नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०७/२८ मा प्रकाशित सूचना अनुसार आवेदन पेश गरेका आवेदकहरुमध्येबाट तोकिए वमोजिमको संख्यामा सबैभन्दा बढी योग्य र उपयुक्त व्यक्ति छनौट गरी तालिम उपलब्ध गराउने कार्यको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो।

**देहायः**

संयोजकः श्री पद्मा गुरुङ, नगर उपप्रमुख
सदस्यः श्री सुमन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिवः श्री मेघन्द्र पोखरेल, कार्यक्रम अधिकृत

**निर्णय नं ५: जेष्ठ नागरिक हेरचाहकर्ता सम्मान कार्यक्रम सम्बन्धमा ।**

विगत वर्ष झैं यस वर्ष पनि जेष्ठ नागरिक हेरचाहकर्ता प्रोत्साहन/सम्मान कार्यक्रमको लागि बजेट विनियोजन गरिएको हुँदा देहायको मापदण्ड वमोजिम देहायको संख्यामा वडाहरुले जेष्ठ नागरिक हेरचाहकर्ताहरु छनौट गर्ने र छनौट भएका ५० जना हेरचाहकर्ताहरुलाई २०८२ पुस ११ गते जेष्ठ नागरिक दिवसको अवसरमा जनही नगद रु.५ हजार र प्रमाणपत्र सहित सम्मान गर्ने निर्णय गरियो ।

**छनौटका आधारहरुः**

- विपन्न घर परिवारलाई प्राथमिकता दिने ।
- विगत वर्षहरुमा छनौटमा नपरेको हुनुपर्ने ।
- निरन्तर सेवाको अवधी कम्तिमा ३ वर्ष भएको तथा निस्वार्थ सेवाभावपूर्वक काम गरेको हुनुपर्ने ।
- जेष्ठ नागरिकप्रतिको बोली व्यवहार राम्रो भएको ।
- ८० वर्षभन्दा माथिककालाई वा दीर्घरोगी वा अपाङ्गता भएका व्यक्तिहरुलाई हेरचाह गरेको हुनुपर्ने ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०८/२४ को बैठक

(घ) जेष्ठ नागरिक संख्याको अनुपातमा छनौट भई सम्मानित हुने हेरचाहकर्ताको संख्या

| वडा नं | एक | दुई | तीन | चार | पाँच | छ | सात | आठ | नौ | दश | एघार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छनौट गर्नुपर्ने संख्या | ५ | ६ | ३ | ३ | ४ | ४ | ३ | ३ | ३ | ८ | ८ |

<u>निर्णय नं ६: आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।</u>

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तनरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.तामाङ घेदुङ ट्रस निर्माण, बेनपा-७, खर्च शिर्षक नं ३१११३ (नगरस्तरीय)<br>२.तामाङ घेदुङ ट्रस निर्माण, बेनपा-७ खर्च शिर्षक नं ३१११३( वडास्तरीय/७)<br>३. २.तामाङ घेदुङ ट्रस निर्माण, बेनपा-७ खर्च शिर्षक नं ३१११३(वडास्तरीय/८) | ५ लाख<br>१ लाख<br>१ लाख | १.नेपाल तामाङ घेदुङ बेसीशहर शौचालय निर्माण, बेनपा-७, खर्च शिर्षक नं ३१११३ | ७ लाख | नेपाल तामाङ घेदुङ बेसीशहर इकाइको मिति२०८२/०७/१८ को पत्र, ७ नं वडा कार्यालयको च.नं.४३७ मिति २०८२/०७/१६ र ८ नं वडा कार्यालयको च.नं.४२६, मिति २०८२/०७/२१ को पत्र समेतका आधारमा । |
| ४.जन विकास मावि चण्डीडाँडा कार्यालय सहयोगी पारिश्रमिक, खर्च शिर्षक नं २५३११ बेनपा-७ | १ लाख | ४.जनविकास मावि चण्डीडाँडा विद्यालय सरसफाई व्यवस्थापन, बेनपा-७ | १ लाख | ७ नं वडा कार्यालयको च.नं.५५०, मिति २०८२/०७/१६ को पत्र समेतका आधारमा । |
| ५.मैगुम सडक स्तरोन्नति, खर्च शिर्षक नं ३११५१ बेनपा-७(नगरस्तरीय) | ४ लाख | ५. मैगुम सिंढीबाटो स्तरोन्नति, बेनपा-७, | ४ लाख | ७ नं वडा कार्यालयको च.नं. ५५०, मिति २०८२/०८/१६ को पत्र समेतका आधारमा । |
| ६.खेलकुँद सम्बन्धी कार्यक्रम, खर्च शिर्षक नं २२५२९, बेनपा-७ | ३ लाख | ६. डाँडागाउँ नाला निर्माण, बेनपा-७, | ३ लाख | ७ नं वडा कार्यालयको च.नं. ५७०, मिति २०८२/०८/२३ को पत्र समेतका आधारमा । |

प्रमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०८/२४ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ७. महादेव मन्दिर निर्माण, बेनपा-४, झगरिया | २ लाख | ७. जलदेवी मन्दिर निर्माण, बेनपा-४, | २ लाख | ४ नं वडा कार्यालयको च.नं. २०५, मिति २०८२/०८/२१ को पत्र समेतका आधारमा । |
| ८.सामुहिक खेती प्रवर्द्धन कार्यक्रम, खर्च शिर्षक नं ३११३१, बेनपा-११ | २ लाख | ८.१समृद्ध आमा समूह सामुहिक आलु खेती, बेनपा-११<br>८.२ राधाकृष्ण आमा समूह, सामुहिक आलु खेती, बेनपा-११,<br>८.३ सागर कृषि फर्म आलु खेती, बेनपा-११,<br>८.४ कुताल पोल्ट्री तथा कृषि फर्म आलु खेती, बेनपा-११,<br>८.५ आलु खेती अध्ययन भ्रमण, बेनपा-११, | ५० हजार<br>६० हजार<br>२५ हजार<br>१५ हजार<br>५० हजार | ११ नं वडा कार्यालयको च.नं. ६७०, मिति २०८२/०८/२४ को पत्र समेतका आधारमा । |
| ९.शिक्षा दिवस कार्यक्रम सञ्चालन, खर्च शिर्षक नं २२५२२ बेनपा-११ | ५० हजार | ९.जनजागृति आधारभूत विद्यालय पछाडि बाटो निर्माण, बेनपा-११, | ५० हजार | |
| १०.समाज सेवा युवा क्लव कार्यालय व्यवस्थापन, खर्च शिर्षक नं २२७११,बेनपा-११ | ७५ हजार | १०.मालेबगर खेलमैदान ड्रेसिङ रुम निर्माण, बेनपा-११, | ७५ हजार | |
| ११.रामचोक खानेपानी कार्यालय व्यवस्थापन, खर्च शिर्षक नं २२७११, बेनपा-११ | १ लाख | ११.रामचोक खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन, | १ लाख | |
| १२.युवा तथा खेलकुँद, खर्च शिर्षक नं २२५२९, बेनपा-९ | १ लाख | १२.मर्स्याङ्दी युवा क्लव तीज उत्सव कार्यक्रम, | १५ हजार | ९ नं वडा कार्यालयको च.नं. ३१४, मिति २०८२/०७/२५ को पत्र समेतका आधारमा । |
| १३.विविध (फुटकर खर्च) खर्च | ३ लाख | १३.१ मर्स्याङ्दी युवा | १० हजार | ८ नं वडा कार्यालयको |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०८/२४ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| शिर्षक नं २२७११, बेनपा-८ | ५७ हजार | क्लव तीज उत्सव कार्यक्रम, बेनपा-८ १३.२ लायन्स क्लव अफ लमजुङलाई तीज प्रतियोगिता सहयोग, बेनपा- | ७ हजार ५ सय | च.नं. २१३, मिति २०८२/०६/०५को पत्र समेतका आधारमा । |
| १४.फुटकर योजना तथा कार्यक्रम, खर्च शिर्षक नं २२७११, बेनपा-७ | ४ लाख ५२ हजार | १४.१.बालरत्न प्रा.वि. ड्रेस वितरण, बेनपा-७,<br>१४.२ under 13 footsal कार्यक्रम(लमजुङ स्पोर्टस डटकम),<br>१४.३ मर्स्याङ्दी युवा क्लव तीज उत्सव कार्यक्रम<br>१४.४ खुल्ला तिजगीत प्रतियोगिता लायन्स क्लव अफ लमजुङ, | २० हजार<br>६ हजार<br>५ हजार<br>३ हजार | ७ नं वडा कार्यालयको च.नं. ५७२, मिति २०८२/०८/२३ को पत्र समेतका आधारमा । |
| १५.वडा खेलकुँद कार्यक्रम, बजेट खर्च शिर्षक नं २२५२९, बेनपा-६ | १ लाख ५० हजार | १५.पाचौं नगरकप वडा खेलकुँद टोली सहयोग, बेनपा-६, | ८५ हजार | ६ नं वडा कार्यालयको च.नं. ३१७, मिति २०८२/०८/२४ को पत्र समेतका आधारमा । |

**निर्णय नं ७: सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

बेसीशहर नगरपालिका र अन्तर्गतका कार्यालयबाट भएका सेवा प्रवाह, स्थानीय विकास निर्माण तथा समग्र काम कारवाहीको अवस्थाका सम्बन्धमा चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई २०८२ पुसको तेश्रो हप्ताभित्र बेसीशहर नगरपालिका वडा नं ६ स्थित चण्डीस्थानमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८: प्रथम चौमासिक प्रगति समीक्षा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक अवधीको चौमासिक प्रगति समिक्षा गोष्ठी मिति २०८२/०९/०६ मा नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९: प्राकृतिक श्रोत (ढुंगा गिटी, ग्राभेल) विक्री सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ र २ को सिमानामा पर्ने राक्सेखोलाको डुम्रे-बेसीशहर सडकदेखि मुनि मर्स्याङ्दी नदि किनारसम्म सतहमा रहेका ढुंगा, गिटी, ग्राभेल र सोही वडाकै ढाडापाखा खेलमैदान क्षेत्रमा रहेका ढुंगा,

गुमान सिंह अर्याल
नगर प्रमुख

गिटी, ग्राभेल संकलन तथा बिक्रीको सम्बन्धमा वातावरणीय अध्ययन कार्य अगाडि बढाई सो अनुरुप प्रतिस्पर्धात्मक ठेक्काबाट उक्त मालबस्तु बिक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं १०: फुटकर आयोजना तथा कार्यक्रम छनौट/अनुमोदन सम्बन्धमा ।**

(क)बेसीशहर नगरपालिका वडा नं २ भकुण्डे स्थित बालकल्याण माविको च.नं. १६६, मिति २०८२/०८/१४ को प्राप्त पत्र समेतका आधारमा उक्त विद्यालयको स्वर्ण जन्मोत्सवको अवसरमा स्वर्ण गेट निर्माणको लागि खर्च शिर्षक नं २२७११ अन्तर्गत रहेको फुटकर आयोजना तथा कार्यक्रम शिर्षकमा विनियोजित बजेट मध्येबाट रु.४,००,०००/-(अक्षेरुपी चार लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

(ख) समुदाय/टोल/बस्तीस्तरमा समस्या भई अति आवश्यक परेका/पर्ने तर वार्षिक कार्यक्रम/बजेट बनाउँदाका वखत समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरुमा आवश्यक वजेट विनियोजन हुन विभिन्न समुदाय/समूह/संस्थाबाट नगरप्रमुख समक्ष माग निवेदन पत्र पेश भई नगरप्रमुखबाट तोकादेश भएको देहायका आयोजना/कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**देहायः**

| अनुमोदित आयोजना/कार्यक्रम | बजेट विनियोजित शिर्षक | खर्च शिर्षक नं | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.चन्द्रमाया गैरेको घरतर्फ जाने बाटो निर्माण, बेनपा-८ (बगैचा मार्गले क्षति पुर्याएको) | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | २० हजार | ८ नं वडा कार्यालयको च.नं. १८६ मिति २०८२/०५/२३ को पत्र समेतको आधारमा |
| २.बेलौती बिसौना सडक बत्ति जडान, बेनपा-६ | सडकबत्ति विस्तार मर्मत सम्भार तथा व्यवस्थापन कार्यक्रम | ३११५३ | ५० हजार | ६ नं वडा कार्यालयको च.नं. २७४, मिति २०८२/०८/०१ को पत्र समेतको आधारमा |
| ३.मालेबगर खेलकुँद मैदान ड्रेसिङ रुम निर्माण, बेनपा-११ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | १ लाख ५० हजार | ११ नं वडा कार्यालयको च.नं. ५१७, मिति २०८२/०७/१८ को पत्र समेतको आधारमा |
| ४.पप्लेकुवा सामुदायिक भवन विद्युत तथा रंगरोगन व्यवस्थापन, बेनपा-११ | विद्युत सम्बन्धी फुटकर कार्यक्रम | ३११५३ | ५० हजार | ११ नं वडा कार्यालयको च.नं. ५१६, मिति |

गुमानि सिंह अर्याल
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | | २०८२/०७/१८ को पत्र समेतको आधारमा |
| ५.दनाई कल्याणकारी समाज भवन निर्माण, बेनपा-३ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | ५० हजार | ३ नं वडा कार्यालयको च.नं. २८४, मिति २०८२/०८/०१ को पत्र समेतको आधारमा |
| ६.डिहिटोल बाटो स्तरोन्नति, बेनपा-१ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | ५० हजार | १ नं वडा कार्यालयको च.नं. १२९, मिति २०८२/०५/१७ को पत्र समेतको आधारमा |
| ७.जग्गा संरक्षण तथा कुलो मर्मत, बेनपा-९ आले ज्यामिरे खेत | वन तथा जैविक विविधता सम्बन्धी कार्यक्रम | २२५२९ | ६० हजार | ९ नं वडा कार्यालयको च.नं. २८५, मिति २०८२/०७/१२ को पत्र समेतको आधारमा |
| ८. वन,वातावरण र मानव समुदायमा पर्ने/परेको प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान सम्बन्धी कार्य, बेसीशहर नगरपालिका | अध्ययन, अनुसन्धान तथा विकास व्यवस्थापन सम्बन्धीकार्यक्रम | २२७११ | ४० हजार | वन विज्ञान संकायमा अध्ययनरत श्री कुशल अधिकारको निवेदन समेतको आधारमा। |

**निर्णय नं ११: सिसिटिभी व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ र ८ को बजार क्षेत्रमा सिसिटिभी विस्तार, मर्मत तथा गुणस्तर सुधारको आवश्यकता महसुस भै रहेको र सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय लमजुङको चलानी नं ६६९, मिति २०८२/०८/२३ को पत्रबाट समेत नयाँ सिसिटिभि जडान तथा पुराना सिसिटिभी मर्मत र डिस्प्ले मनिटर उपलब्धताको लागि अनुरोध भै आएकोमा आसन्न त्रिवेणी कप, ल्होसार, महोत्सव लगायतका कार्यक्रमहरुका कारण उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीलाई समेत मध्यनजर गर्दै सो कार्यको लागि ३११५३ खर्च शिर्षक अन्तर्गत सिसिटिभि/सडक बत्ती तथा शहरी सौन्दर्य व्यवस्थापनमा गत कार्यपालिका बैठकबाट विनियोजित बजेटमध्येबाट व्यहोर्ने गरी तत्काल कार्य अघि बढाउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०८/२४ को बैठक

निर्णय नं १२: सेवा कार्यालय खोल्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ११ भौगोलिक तथा जनसंख्यिक रुपमा ठूलो वडा भएको हुँदा वडा कार्यालयबाट हुने सेवा वडाबासीहरुलाई सहज र सरल रुपमा नजिकबाट प्रदान गर्ने उद्देश्यले वडा समितिको निर्णय समेतका आधारमा सोही वडाको बुढीकुवामा हप्ताको १ दिन सेवा सञ्चालन हुने गरी वडा कार्यालयको सेवा केन्द्र खोल्ने साथै सेवा केन्द्र सञ्चालनको लागि भवन निःशुल्क प्राप्त भएको हुँदा सो भवनमा कार्यालय सञ्चालनको लागि अत्यावश्यक भौतिक श्रोत साधन उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १३: फौजदारी केशको सवारी साधन व्यवस्थापन सम्बन्धमा ।

जिल्ला प्रहरी कार्यालय लमजुङको च.नं. २००, मिति २०८२/०८/२३ को प्राप्त पत्रानुसार बेसीशहर नगरपालिका वडा नं २ भकुण्डे निवासी सीता कँडेलको हत्या अभियोग लागेर नेपाल भारत सिमानामा लुकिछिपी बसेका रत्न नगर नगरपालिका-६, चितवन बस्ने श्री बुद्धिराम दराईलाई पक्राउन गर्नको लागि नेपाल प्रहरी केन्द्रिय ब्युरो र जिल्ला प्रहरी कार्यालय लमजुङबाट खटिई गएका प्रहरी कर्मचारीहरुले लमजुङ-काठमाण्डौ, काठमाण्डौ-सुनौली, सुनौली-लमजुङ र लमजुङ- काठमाण्डौ गर्दा सवारी साधन भाडा वापत खर्च भएको रकम रु. ९८,५५०।- (अन्ठान्नब्बे हजार पाँच सय पचास मात्र) सम्बन्धित सवारी धनीलाई अन्य सामाजिक सहायता (खर्च शिर्षक नं २७२१९) शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १४: त्रिवेणी कपको सहयोग राशी सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत त्रिवेणीकप राष्ट्रव्यापी खुल्ला फुटवल प्रतियोगिता सञ्चालन सहयोगको लागि रु. ४ लाख विनियोजन भएकोमा यस वर्ष सञ्चालन हुने ३३औं त्रिवेणी कप फुटवल प्रतियोगिताको लागि दोश्रो पुरस्कार राशी बराबरको सहयोग गर्ने र दोश्रो पुरस्कार राशी रु. ६,००,०००/-(छ लाख मात्र) भएको हुँदा थप रकम रु. २,००,०००/-(दुई लाख मात्र) खर्च शिर्षक नं २२५२९ अन्तर्गत रहेको खेलकुँद प्रवर्द्धन सम्बन्धी फुटकर कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने साथै कुनै पनि वडास्तरीय कार्यक्रमबाट सो प्रतियोगिताको लागि थप विनियोजन नगर्ने निर्णय गरियो ।

निर्णय नं १५: मर्स्याङ्दी बेंसी जलविद्युत आयोजना सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ६ को बेलौती बिसौना र वडा नं १० को लेतेफाँट सीमामा बाँध तथा वडा नं १० सालडाँडामुनि विद्युतगृह रहने गरी ५० मेगावट क्षमताको मर्स्याङ्दी बेंसी जलविद्युत आयोजनाको निर्माण कार्य शुरु गरिएको अवस्थामा स्थानीयबासीहरुले यस आयोजनाबाट स्थानीय बासिन्दालाई नकारात्मक असर पर्ने, प्राकृतिक प्रकोप बढ्ने, पर्यावरणीय क्षति पुग्ने तथा समग्र रुपमा स्थानीयको हीत नहुने देखिएको भन्दै स्थानीयस्तरमा मर्स्याङ्दी बचाऊ संघर्ष समिति गठन गरी उक्त समिति मार्फत संघर्षका कार्यक्रमहरु अगाडि बढाईरहेको र हाल आयोजनाको निर्माण कार्य समेत रोकिएको सन्दर्भमा यस नगरपालिकाको गम्भिर ध्यानकर्षण भएको हुँदा यस सम्बन्धमा नगरक्षेत्रको समग्र विकास र नगरबासीको सर्वोपरी हित र चाहनालाई ध्यानमा राखि आन्दोलनरत पक्ष र जलविद्युत प्रवर्द्धक संस्थाले आपसी छलफल र वहश अगाडि बढाउन तथा नगरपालिकाबाट सरोकारवाला पक्ष र निकायहरुसंग समन्वय र सहकार्य गर्दै अघि बढ्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख